माननीय नारद मुनी राना
मन्त्री
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार

Hon. Narad Muni Rana
Minister
Ministry of Forests & Environment
Singha Durbar, Kathmandu

च.न.

चुरे दिवस २०७८ को अवसरमा माननीय वन तथा वातावरण मन्त्री नारद मुनी रानाज्यूले दिनुभएको

## शुभकामना सन्देश

विश्वव्यापी सङ्कटको रूपमा फैलिएको दोश्रो चरणको कोभिड १९ महामारीको कठिन घडीमा हामी आज "चुरेको माटो, चुरेलाई सफा पानी सबैलाई" भन्ने नाराका साथ चुरे दिवस मनाउँदै छौं । यस अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीवहिनी, दाजुभाइहरूमा सु-स्वास्थ्यको कामनासहित कोभिडसँग लड्ने प्राकृतिक क्षमता तथा मनोवल वृद्धिका लागि शुभकामना व्यक्त गर्दछु ।

करिव चार करोड वर्ष पहिले हिमालयको उत्पतिको क्रममा नदीजन्य पदार्थहरु थुप्रिएर बनेको, पश्चिममा पाकिस्तानको इन्दुस नदीदेखी नेपाल हुँदै पूर्वमा भारतको ब्रह्मपुत्र नदीसम्म फैलिएको सबैभन्दा कान्छो पहाडको श्रृङ्खलानै चुरे हो । चुरे क्षेत्र जैविक विविधता, वातावरण संरक्षण, तराइको भूमिगत जल पुनर्भरणको हिसावले अति महत्वपूर्ण छ । चुरे क्षेत्रको संरक्षण गरी यसले उपलव्ध गराउने वातावरणीय एवं प्राकृतिक सेवाहरूको दिगो सुनिश्चितताको लागि सन् ९० को दशक देखि विभिन्न प्रयासहरू भइरहेका छन् । यसै क्रममा नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ देखी राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयनको सुरुवात गरेकोमा वि.स. २०७१ सालमा राष्ट्रपति चुरे-तराइ मधेश संरक्षण विकास समिति गठन भई कार्यक्रमहरू संचालन भईरहेका छन् । करिब डेढ करोड नेपालीहरूको जिविकोपार्जनको आधारशिला समेत रहेको यस क्षेत्रको संरक्षण संवेदनशीलतालाई हृदयङ्गम गरी दिगो व्यवस्थापनार्थ नेपाल सरकारले चुरे संरक्षण गुरु योजना तयार गरी लागु गरेको छ । राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको एकमात्र संरक्षणमुखी यस आयोजनाले वातावरणीय, आर्थिक तथा सामाजिक पक्षहरूलाई समेटी उपल्लो तटीय क्षेत्र तथा तल्लो तटीय क्षेत्र बीचको प्राकृतिक सन्तुलन पुर्नस्थापना हुने गरी कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

यस क्षेत्रमा थपिएका विकासका पूर्वाधारहरूले गर्दा भविष्यमा अझै जनघनत्व बढ्ने र प्राकृतिक स्रोतहरूको दोहन बढ्ने सम्भावना भएको हुँदा गुरु योजनाले निर्दिष्ट गरेबमोजिम नदी प्रणाली स्तरीय एकीकृत व्यवस्थापन योजना तयार गरी भूमिगत जल पुनर्भरण, जैविक विविधता संरक्षण तथा भू-क्षय नियन्त्रण कार्यमा व्यापक रूपमा स्थानीय स्रोत, साधन र सीपको उपयोग गरी प्रकृतिको संवेदनशील उपहारको रूपमा रहेको चुरेक्षेत्र हाम्रो पुस्ताले समूचित प्रयोग गरी आगामी पुस्तालाई समेत स्वच्छ, स्वस्थ र संरक्षित रूपमा हस्तान्तरण गर्न हामी सबैलाई चुरे दिवसले अझ थप ऊर्जा, सहभागिता र सक्रियताका साथ अगाडि बढ्न प्रेरणा मिलोस् ।

हाल कार्यान्वयनमा रहेको पन्ध्रौ आवधिक योजनाले वन, जलाधार र जैविक विविधतालाई आर्थिक आधार क्षेत्रको रूपमा परिभाषित गरेको र सोको आधारमा तय गरिएका नीति, रणनीति र लक्ष्य पूरा गर्नका लागि चुरे संरक्षण कार्यक्रम कोषेढुङ्गा हुने छ । "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पुरा गर्न चुरे तराई मधेश क्षेत्रको समेत पर्यावरणी सन्तुलन, सामाजिक र आर्थिक समृद्धि हासिल गर्न आवश्यक रहेको हुदा विगतका सिकाईहरुबाट अगाडी बढ्दै चुरे संरक्षणका विविध क्षेत्र तथा आयामहरूमा आगामी दिनमा तीनै तहका सरकारहरू बीच थप सहकार्य र समन्वय बढाउन आवश्यक छ । अतः आजको यस महत्वपूर्ण दिनले चुरे संरक्षण, व्यवस्थापन, तथा अध्ययन, अनुसन्धान मार्फत योगदान पुर्याउँदै आउनुभएका व्यक्ति तथा सङ्घ, संस्थाहरूलाई धन्यवाद ज्ञापन गर्दछु र आ-आफ्नो जिम्मेवारी अझ सशक्त तवरले अगाडी बढाउन प्रेरणा मिल्नेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा, प्रकृतिको आफ्नै लयलाई निरन्तरता दिई खोज र अनुसन्धानको माध्यमबाट संरक्षणका नयाँ नयाँ प्रविधिको विकास गरी जैविक विविधताको संरक्षण, माटोको क्षमता अनुसार उपयोग र आवश्यकता अनुसार उपचार, साथै पानीका श्रोतको बुद्धिमत्तापूर्ण उपयोग, संरक्षण र दिगो व्यवस्थापन गर्दै चुरे संरक्षणलाई सफल बनाउने दिशातर्फ अग्रसर हुन सरकारी तथा गैर सरकारी निकाय, पेसाकर्मी, विकास साझेदारहरू लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक आह्वान गर्दछु ।

२०७८ आषाढ २ गते

नारद मुनी राना
मन्त्री

फोन नं. ०१-४२११६६० फ्याक्स नं. ०१-४२११७८४ ईमेल : naradmunirana22@gmail.com

Scanned with CamScanner